## सडक बालबालिका पहिचान तथा उद्धारका लागि

# कार्यसञ्चालन पुस्तिका २०७२

नेपाल सरकार
महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय
सिंहदरवार काठमाण्डौं

# सडक बालबालिका पहिचान तथा उद्धारका लागि कार्यसञ्चालन सहयोगी पुस्तिका

## विषयसूची


| क्र.सं. | िवषय | पेज नं. | कैफियत |
|---|---|---|---|
| १ | परिचय | ३ | |
| २ | कार्यपद्धति | ३ | |
| ३ | क्रियाकलापहरु | ५ | |
| ४ | अभिलेखीकरण | ७ | |
| ५ | अनुसुचिहरु | ८ | |
| १. | उद्धार गरिएका बालबालिका सम्पर्क केन्द्रमा बुझाउने फाराम | ८ | |
| २. | उद्धार टोलीको आचार संहिता | ९ | |

# १. परिचय

## १.१. पृष्ठभूमि

सडकमा भएका तथा सडकमा काम गरेर जीवन धान्ने गतिविधिमा रहेका सडक बालबालिकालाई पहिचान गरी तत्काल उद्धार गर्न र सम्पर्क गृहमा राख्नुको साथै उनीहरुलाई पुनः सडकमा नआउने वातावरण सृजना गर्न **"सडक बालबालिका संरक्षण तथा व्यवस्थापन मार्गदर्शन, २०७२"** अनुरुप यो सडक बालबालिकाको पहिचान तथा उद्धारका लागि कार्यसञ्चालन पुस्तिका तयार गरिएको छ ।

## १.२. उद्देश्य

सडकमा बालबलिका बस्ने स्थानको पहिचान गर्ने र त्यस्ता बालबालिकाको बालमैत्री ढंगले बालबालिका उद्धार गरी सम्पर्क गृहमा पु¥याउने ।

## १.३. लक्षित समूह

१८ वर्ष मुनिका सडक बालबालिका

## १.४. जिम्मेवार निकाय तथा संस्थाः

सडक बालबालिका पहिचान तथा उद्धारका लागि देहायका निकायहरुको विशेष जिम्मेवारी रहनेछ :–

क) महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय, विभाग र कार्यालयहरु
ख) केन्द्रीय बालकल्याण समिति र जिल्ला बालकल्याण समितिहरु
ग) सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय
घ) गृह मन्त्रालय
ङ) नेपाल प्रहरी
च) नेपाल पर्यटन बोर्ड
छ) स्थानीय निकायहरु(जि.वि.स./न.पा./गा.वि.स.)
ज) सडक बालबालिकाको क्षेत्रमा कार्यरत गैससहरु
झ) बालबालिका खोजतलास समन्वय केन्द्र (१०४) तथा बाल हेल्पलाइन नेपाल (१०९८)
ञ) स्थानीय आवश्यकताअनुसार अन्य निकाय, संघ संस्था ।

## १.५. सहयोगी निकाय तथा संस्था :–

क) स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
ख) शिक्षा मन्त्रालय
ग) श्रम तथा रोजगार मन्त्रालय
घ) अर्थ मन्त्रालय
ङ) उद्योग तथा बाणिज्य मन्त्रालय
च) समाज कल्याण परिषद्
छ) नागरिक समाज, बालबालिकाको क्षेत्रमा क्रियाशील संघसंस्था र संजालहरु
ज) उद्योग वाणिज्य संघ र सम्बन्धित व्यापारिक संगठन तथा उद्योग व्यवसायीहरु
झ) सञ्चार माध्यम
ञ) विकासका साझेदार र अन्य गैससहरु ।

# २. कार्य पद्दति

सडकमा रहेका बालबालिकाको उद्धार तथा त्यसपछिको व्यवस्थापनका लागि सम्बन्धित सरोकावालाहरुसँगको सहकार्यमा कार्य गरिने छ । यसका लागि देहाय बमोजिमको कार्यपद्दतिहरु अपनाइने छ ।

## २.१. उद्धारको टोली

सडकबाट बालबालिकालाई उद्धार गर्नका लागि काठमाडौं उपत्यकामा केन्द्रीय बालकल्याण समिति र अन्य जिल्लामा जिल्ला बालकल्याण समितिको संयोजकत्वमा सरोकारवाला निकायहरुको संलग्नतामा एक टोलीको गठन गरिने छ । केन्द्रमा केन्द्रीय बालकल्याण समितिले सरोकारवाला व्यक्ति वा निकायहरुको प्रतिनिधित्व हुने गरी उद्धार टोली बनाई आवश्यकता बमोजिम उक्त टोलीको परिचालन गर्नेछ भने जिल्ला तहमा जिल्ला बालकल्याण समितिले सोही बमोजिम गर्नेछ । केन्द्रीय बालकल्याण समिति र जिल्ला बालकल्याण समितिले आवश्यकता अनुसार उद्धार टोलिको अभिमुखिकरण गर्नेछन् । उद्धार टोलीको आचार संहिता अनुसूचि २ मा रहेको छ ।

## २.२. सहकार्य र समन्वय

सडक बालबालिकाको पहिचान र उद्धारका लागि सरोकारवालाहरुसँगको सहकार्य र समन्वय गर्दै कार्य गरिने छ । मुख्य गरी निम्न बमोजिका निकायहरुसँग आवश्यकता अनुसार समन्वय गरिने छः–

**केन्द्रीय बालकल्याण समिति र जिल्ला बालकल्याण समितिः**
केन्द्रीय बालकल्याण समिति, जिल्ला बालकल्याण समिति र सम्पर्क केन्द्र सञ्चालन गर्ने संस्थाहरुबीच समन्वय गरिने छ । सम्पूर्ण सडक बालबालिका सम्बन्धी गतिविधिको अभिलेखीकरण गर्दै तथ्याङ्क तथा आवश्यक विवरण संकलन, विश्लेषण गरी सो को प्रतिवेदन सबै सरोकारवालाबीच समन्वय गर्ने तथा जानकारी आदान प्रदान गर्ने व्यवस्था मिलाउने छ ।

**बालबालिका खोजतलास समन्वय केन्द्र, बाल हेल्पलाइन नेपालः**
बालबालिका खोजतलास समन्वय केन्द्र १०४ र बालहेल्पलाइन नेपाल १०९८ र संघसंस्थाबीचको समन्वय र सहकार्यमा सडक बालबालिका तथा जोखिम अवस्थामा रहेका बालबालिकाको उद्धार तथा व्यवस्थापन गरिने छ । बालबालिकाको परिचय, तथ्याङ्क तथा आवश्यक विवरण एकअर्काबीच आदान प्रदान गरी अद्यावधिक गर्ने छ ।

**नेपाल प्रहरीः**
सडक बालबालिकालाई उद्धार गर्न र उद्धार गरिएका बालबालिकाको संरक्षणका लागि व्यवस्थापन गर्न नेपाल प्रहरीसँग सहकार्य र समन्वय गरिने छ । नेपाल प्रहरीलाई सडक बालबालिकाका र यससँग कार्यरत संघसंस्थाहरुका बारेमा जानकारी गराईने छ । प्रहरीलाई सडक बालबालिकाको क्षेत्रमा काम गर्ने संस्थाहरुले प्रदान गर्ने सेवा सुविधा सहितको सूचना तथा जानकारी प्रदान गरिने छ । जुनसुकै समयमा सडक बालबालिकालाई उद्धार गर्न र उनीहरुलाई सम्पर्क केन्द्रमा राख्नका लागि नेपाल प्रहरीसँग आवश्यक समन्वय गरिने छ ।

**महिला तथा बालबालिका कार्यालयः**
उद्धार कार्य लगायत यस क्रममा अन्य निकायहरुसंग समन्वय कायम गर्ने र कार्यालय अन्तरगतका कर्मचारी, सामाजिक परिचालक आदिको परिचालन गर्ने लगायत अन्य कार्यमा समन्वय गर्ने छ ।

**स्थानीय निकायहरुः**
उद्धार कार्यमा नगर रक्षक लगायतका कर्मचारी, दक्ष सामाजिक परिचालकहरुलाई परिचालन गरी सडक बालबालिकाको संरक्षण गर्ने कार्यमा आवश्यक सहयोगीको रुपमा स्थानीय निकायहरुको भुमिका रहने छ । विभिन्न संघसंस्थाहरुको सम्पर्क केन्द्रमा उपलब्ध सेवा सुविधा तथा सडक बालबालिकाको विषयमा जानकारी स्थानीय निकायहरु (नगरपालिका, वडा कार्यालय, गा. वि. स., आदि) लाई प्रदान गरिने छ । सम्पर्क केन्द्र सञ्चालन गरेका संघसंस्थाको समन्वय र सहयोगमा स्थानीय निकायले सडक बालबालिकाको अभिलेख राख्ने, दर्ता गर्ने, अस्थायी परिचय पत्र प्रदान गर्ने र सोको विवरण अध्यावधिक गर्ने व्यवस्था मिलाइने छ ।

**नीजि क्षेत्रः**

सडक बालबालिकाको सूचना दिने, सम्पर्क गृहसम्म पुऱ्याउन सहयोग गर्ने लगायतका कार्यका लागि नीजि क्षेत्रसँग आवश्यक समन्वय गरिने छ।

**सम्पर्क गृह सञ्चालन गर्ने संस्थाः**
उद्धार गरी ल्याइएका बालबालिका राख्ने संस्थाले यसरी उद्धार गरी ल्याईएका बालबालिकाको फोटो सहितको पूर्ण विवरणको एक प्रति प्रतिवेदन तयार पारी स्थानीय निकाय, जिल्ला बालकल्याण समिति र काठमाडौं उपत्यकाको हकमा केन्द्रीय बालकल्याण समितिलाई पठाउनु पर्नेछ । सडकमा लामो समय देखि रहिआएका लागूपदार्थको दुर्व्यशनमा परेका बालबालिकाको पहिचान भएमा वा फेला परेमा त्यस्ता अवस्थाका बालबालिकालाई लागूपदार्थ दुर्व्यशन उपचार विषयसँग काम गर्ने विशेषज्ञता भएका संस्थामा प्रेषण वा स्थानान्तरण गरिनेछ। सम्पर्क गृहहरु र लागूपदार्थ दुर्व्यशन उपचार गर्ने विशेषज्ञता भएका संस्थाहरु (पुनर्स्थापना केन्द्र) बीच निरन्तर रुपमा कार्यगत समन्वय कायम हुनुपर्नेछ।

## २.३. स्थलगत अनुगमन भ्रमणः

सडक बालबालिका उद्धारको लागि गठन भएको टोलीले नियमित रुपमा सडक स्थलगत अनुगमन भ्रमण गर्ने छ । केन्द्रीय बालकल्याण समिति तथा जिल्ला बालकल्याण समितिको संयोजनमा तालिका बनाई टोलीले नियमित सडक भ्रमण गरी बालबालिकाको उद्धार गरिने छ । यसरी सडक बालबालिका उद्धार गरिएका क्षेत्रमा पनि अनुगमन गर्ने व्यवस्था मिलाइने छ।

## २.४. निरन्तर उद्धारः

उद्धार टोलीले गर्ने विशेष उद्धार अभियानका अतिरिक्त सडक बालबालिकाको निरन्तर उद्धारका लागि स्थलगत अनुगमनलाई कायमै राखिनेछ । जसका लागि नेपाल प्रहरीको नियमित गस्ति, नगर रक्षक, सामाजिक संघ संस्था जस्ता निकायहरुबाट सडक बालबालिका भेटिएमा बालमैत्री ढंगले उद्धार गरी सम्पर्क गृहमा पुऱ्याउने कार्यलाई निरन्तरता दिईने छ।

# ३. क्रियाकलापहरु

## ३.१. सडक बालबालिका बस्ने स्थानको पहिचान

सडक बालबालिकाको उद्धार गर्न उनीहरु बस्ने स्थानको पहिचान गरिने छ । सामान्यतया सडक बालबालिका पर्यटकीय स्थल, पार्क, मन्दिर, गुम्बा, बसपार्क, पुलमुनी, खाली जग्गा, कबाड खाना तथा सो वरीपरी मानिसको भिडभाड हुने स्थान आदिमा भेटिने भएकोले यस्ता सम्भावित स्थानहरुको पहिचान र सूची सरोकारवाला संघसंस्थाहरुको सहकार्य र समन्वयमा तय गरिने छ । सडक बालबालिकाले स्थान पनि परिवर्तन गर्ने भएकोले समयसमयमा यस्ता सम्भावित स्थानहरुको पुनरावलोकन गरिने छ।

## ३.२. सडक बालबालिकाको पहिचान

पहिचान भएका सडक तथा स्थानहरुमा बस्ने बालबालिकाको पनि पहिचान पहिला देखि नै सडक भ्रमण कार्य गरिरहेका संघसंस्थाहरुको सहयोगमा गरिने छ । सडकमा आश्रित भएका बालबालिका पनि विभिन्न तह (सधैं सडकमा बस्ने, काम गर्न मात्र जाने, भर्खर सडकमा आएका आदि) हुने भएकोले सो लाई समेत ध्यान दिई उद्धार कार्य गरिने छ।

## ३.३. श्रोतमापन तथा व्यवस्थापन

सार्वजनिक तथा आन्तरिक सूचनाका माध्यमबाट सडक बालबालिका उद्धार गर्नुपूर्व सडक बालबालिकाको क्षेत्रमा काम गरिरहेका निकाय तथा संस्थाहरुसँग विद्यमान रहेको भौतिक सुविधाको अवस्था, उपलब्ध सेवा र क्षमताको विवरण संकलन गरिने छ । यस्तो विवरण काठमाडौं उपत्यकाको हकमा केन्द्रीय बालकल्याण समिति र अन्य जिल्लाको हकमा जिल्ला बालकल्याण समितिमा बुझाइने छ । सबै सडक बालबालिकाको राष्ट्रिय अभिलेख तथा

सूचना एकीकृत रुपमा केन्द्रीय बालकल्याण समितिमा राख्ने व्यवस्था मिलाइने छ । सडक बालबालिकाको लागि क्रियाशील संस्थाहरुको क्षमता तथा गरिरहेका कार्यक्रम सहित सूचि तयार गरी सोही आधारमा समन्वय, सहयोग तथा सेवाहरुको लागि उद्धार गरिएका बालबालिकाको व्यवस्थापन गरिने छ ।

## ३.४. सडक बालबालिकालाई अग्रिम जानकारी

सडकबाट बालबालिका उद्धार गर्नुभन्दा अगाडि सम्बन्धित संघसंस्थाहरुका सामाजिक कार्यकर्ता, स्थानीय निकाय र नेपाल प्रहरीले संयुक्त रुपमा वा छुट्टा-छुट्टै रुपमा सडकमा रहेका बालबालिकालाई सडकमा नबस्न तथा संघ संस्थाका सम्पर्क गृह वा आफ्नै घर परिवारमा जानको निमित्त उत्साहित गराउनुका साथै सडक बालबालिका उद्धार सम्बन्धी भावी रणनीतिको बारेमा सबैलाई जानकारी गराइने छ । *अब बालबालिका सडकमा बस्नु पर्दैन र उनीहरुको समस्या समाधान गर्न नेपाल सरकारले सहयोग गर्दछ* भन्ने आसयको सूचना आवश्यकता अनुसार प्रवाह गरिने छ ।

## ३.५. सडकबाट बालबालिकाको उद्धार

सम्बन्धित निकायको निश्चित समयावधिको सचेतना, सूचना प्रवाह पश्चात नेपाल प्रहरीले स्थानीय निकाय तथा सरकारी निकाय एवम् सडक बालबालिकाको क्षेत्रमा काम गर्ने संघसंस्थाहरु, बालमैत्री स्थानीय शासनका कमिटिहरु, वडा नागरिक मञ्च लगाएतका निकायहरुको समन्वयमा विभिन्न सडक तथा उनीहरु बस्ने स्थानको भ्रमण गरी सडक बालबालिकालाई बालमैत्री ढंगमा उद्धार गरी नजिकको सम्पर्क गृह वा तोकिएको संस्थामा बस्ने व्यवस्था मिलाइने छ । सडकबाट बालबालिका उद्धारका लागि देहायका क्रियाकलाप गरिने छ ।

- आवश्यकता अनुसार उपत्यकाका प्रमुख क्षेत्रहरुमा नेपाल प्रहरी समेतको समन्वयमा सडक बालबालिकाको उद्धार गर्ने,
- नेपाल प्रहरी मातहतका निकायहरु र उद्धार टोलिको नियमित गस्तिबाट सडक बालबालिका देखिएमा उद्धार गर्ने,
- नजिकको प्रहरी कार्यालयले आफ्नो मातहतको क्षेत्रभित्र भएका सडक बालबालिकाको उद्धार गरी नजिकको सम्पर्क गृह वा तोकिएको गृहमा पठाउने व्यवस्था गर्ने,
- बैक तथा वित्तीय संस्था, व्यापारिक प्रतिष्ठान, सरकारी गैरसरकारी निकाय तथा संस्था आदिका कार्यालयका सुरक्षा कर्मी लगायत कसैले पनि सडक बालबालिका देखेमा निश्चित तोकिएका संस्था, निकायहरुमा जानकारी गराउने,
- सम्पर्क गर्ने टेलिफोन नं सहितको सूचना प्रवाह गरी सर्वसाधारणको समेत सहभागिता र सहयोगका लागि सूचित गर्ने ।

## ३.६. विशेष सेवाहरु

सडकबाट बालबालिकालाई उद्धार गर्दा, उद्धार गर्ने क्रममा कुनै बालबालिका साह्रै भोकाएको रहेछ भने तत्काल आवश्यक खानेकुरा उपलब्ध गराउनुपर्दछ । यसैगरी कुनै बालबालिका साह्रै बिरामी भएको रहेछ भने तत्काल अस्पताल पुऱ्याउने व्यवस्था गरिने छ र पायक पर्ने स्थानको सम्पर्क गृहमा समन्वय गरी जिम्मा दिइने छ । अन्य सामान्य अवस्थामा सडक बालबालिकालाई सम्पर्क केन्द्रसम्म पुऱ्याउने व्यवस्था गरिने छ । सडकमा लामो समयदेखि बसिरहेका लागूपदार्थको दूर्व्यशनमा परेका बालबालिकाको पहिचान भएमा वा फेला परेमा त्यस्ता अवस्थाका बालबालिकालाई लागूपदार्थ दूर्व्यशन उपचारका क्षेत्रमा काम गर्ने संस्थामा स्थानान्तरण गरिने छ ।

## ३.७. नियमित अनुगमन

बालबालिकालाई सडकबाट तत्काल उद्धार गर्न नेपाल प्रहरी, केन्द्रीय बालकल्याण समिति, जिल्ला बाल कल्याण समिति र सम्बन्धित संघसंस्थाहरुद्वारा नियमित अनुगमन गरिने छ । यस क्रममा शहरका सडक, मन्दिर आदि क्षेत्रहरुमा नियमित रुपमा सडक बालबालिकाको अनुगमन गरी उद्धार गरिने छ । नेपाल प्रहरी मातहतका स्थानीय सवै कार्यालयको क्षेत्रभित्र भएका सडक बालबालिकाको उद्धार गरी नजिकको सम्पर्क गृह वा तोकिएको गृहमा पठाउने व्यवस्था मिलाउनुपर्दछ । कसैले सडकमा बेवारीस बालबालिका फेला परेमा नि:शुल्क फोन नम्बरहरु, नेपाल प्रहरीको

नं. १००, बाल हेल्पलाइनको १०९८, बालबालिका खोजतलास समन्वय केन्द्रको १०४, तोकिएका संस्था तथा निकायमा सूचित गर्न सम्पर्क गर्ने टेलिफोन नम्बर सहितको सार्वजनिक सूचना सम्प्रेषण गरी सर्वसाधारणको सहभागिता र सहयोगका लागि अनुरोध गरिने छ । सडक वरपर चौबीसै घण्टा तैनाथ रहने बैंक तथा वित्तीय संस्था, व्यापारिक प्रतिष्ठान, सरकारी तथा गैरसरकारी निकाय एवम् संस्था आदिका कार्यालयका सुरक्षाकर्मी र सर्वसाधरणलाई आफ्ना वरिपरि सडक बालबालिका देखिएमा उद्धारका लागि सूचित गर्न अनुरोध गरिने छ । लामो तथा मध्यम दुरीमा चल्ने यातायातका साधनबाट प्रगोग गरी सडकमा आउन सक्ने सम्भावना भएका बेवारीस बालबालिकाको प्रहरी तथा संस्थाहरुको समन्वयमा नियमित अनुगमन गर्ने व्यवस्था मिलाइने छ । अनुगमनका क्रममा भेटिएका बालबालिकालाई आवश्यकतानुसार सम्पर्क गृहहरुमा पठाइने छ ।

### ३.९. सरोकारवालाहरुसँग समन्वय बैठक र पुनरावलोकन

नियमित रुपमा सडक बालबालिकासँग कार्यरत संघसस्थाहरुसँगको बैठक बसालिने छ । उद्धार कार्यको पुनरावलोकन गरी उद्धार कार्यलाई प्रभावकारी बनाईने छ ।

### ३.१०. सडक बालबालिकासम्बन्धी चेतनामूलक कार्यक्रम

उद्धार कार्य संगसंगै सडकमा बालबालिका बस्न बसाल्न नपाईने सम्बन्धमा जानकारीमूलक अभियानहरु संचालन गरिनेछन् । सडकमा कुनै नयाँ बालबालिका भेटिएमा तत्काल परिवारमा पुनर्स्थापन गर्ने संयन्त्रहरु क्रियाशिल हुनेछन । सडकमा बालबालिकाल्याई अलपत्र छाडेको पाईएमा प्रचलित कानून बमोजिम कारवाही प्रक्रिया अघी बढाईने छ ।

## ५. अभिलेखिकरण

### ५.१.सडक बालबालिका बस्ने स्थानको अभिलेख

सडक बालबालिका उद्धार गर्न जानका लागि पहिचान भएको स्थानहरुको सूची तयार गरिने छ । यसै आधारमा उद्धार पश्चात पनि सो स्थानको अनुगमन गरिने छ । उद्धार कार्य आरम्भ भए पश्चात साविक स्थान छाडी सडक बालबालिका नयाँ स्थानमा जान सक्ने सम्भावना भएकाले सो को समेत अभिलेख राखिने छ ।

### ५.२. सडकमा भेटिएका बालबालिकाको अभिलेख

उद्धार गरी ल्याइएका बालबालिका राख्ने संस्थाले यसरी ल्याएका बालबालिकाको फोटो सहितको पूर्ण विवरणको एक प्रति प्रतिवेदन तयार पारी जिल्ला बालकल्याण समिति र काठमाडौं उपत्यकाको हकमा केन्द्रीय बालकल्याण समितिलाई पठाउनु पर्ने छ । सम्पर्क गृहमा सडक बालबालिकाको सम्पूर्ण विवरण कम्प्यूटरमा राखीनेछ र सो केन्द्रीय बालकल्याण समितिमा केन्द्रीकृत गरिने छ ।

### ५.३. सरोकारवालाहरुको अभिलेख

सडक बालबालिकासँग कार्य गर्ने संघसस्थाहरुको विवरण लगायत आवश्यक जानकारीहरु अद्यावधिक गरी जिल्लाको हकमा जिल्ला बालकल्याण समिति र केन्द्रीय तहमा केन्द्रीय बालकल्याण समितिमा राखिने छ ।

### ५.४.सम्पर्क केन्द्रमा बालबालिका बुझाएको अभिलेख

उद्धार गरी ल्याइएका बालबालिकाको उपयुक्त अभिलेख प्रत्येक जिल्ला बालकल्याण समिति र केन्द्रको हकमा केन्द्रीय बालकल्याण समितिमा बुझाउने कार्य सम्पर्क गृहले गर्नेछ । उद्धार टोलीले आधारभूत जानकारी सहितको बालबालिका सम्पर्क गृहमा बुझाउदाको फाराम पूर्ण रुपमा भरेर बुझाउनु पर्नेछ । बालबालिका सम्पर्क गृहमा बुझाउँदाको उक्त फारामको एक प्रति केन्द्रीय बालकल्याण समितिमा बुझाउने व्यवस्था मिलाईनेछ ।

## अनुसूचीहरु

### १. उद्धार गरिएका बालबालिका सम्पर्क केन्द्रमा बुझाउने फाराम

**सडकबाट उद्धार गरिएका बालबालिका सम्पर्क केन्द्रमा बुझाउने फाराम**

उद्धार गरिएको मितिः

उद्धार टोली प्रतिनिधिको नामः सम्पर्क नम्बरः

बालबालिका बुझाईएको सम्पर्क गृहको नामः

बालबालिकाको विवरणः

| क्र. सं. | बालबालिकाको नाम | लिङ्ग | | उमेर | उद्धार गरिएको स्थान | कैफियत |
|---|---|---|---|---|---|---|
| | | बालक | बालिका | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

माथिको विवरण अनुसारका बालबालिका बुझिलिएको सम्पर्क गृह प्रतिनिधिको दस्तखतः............................

सम्पर्क गृह प्रतिनिधिको नामः सम्पर्क नं.:

फाराम बुझाउने टोली प्रतिनिधिको दस्तखतः.........................

## २. उद्धार टोलीको आचार संहिता

बालबालिकासंग व्यवहार गर्दा संवेदनशिलता र संरक्षणका विषयलाई विशेष ध्यान दिन आवश्यक छ । नेपालको संविधान, बालअधिकारसम्बन्धी महासन्धि, प्रचलित कानून लगायतमा गरिएका व्यवस्थाहरुलाई ध्यान दिंदै बालबालिकाको सर्वोत्तम हितलाई ध्यान दिँदै बालमैत्री ढंगबाट उद्धार कार्य गर्ने सडकबाट बालबालिकाको उद्धार कार्यमा खटिने टोलीका सहभागीले निम्नानुसार  आचारसंहिता पालना गर्नुपर्नेछ ।

**सडकबाट बालबालिकाको उद्धार कार्यमा खटिने टोलीका सहभागी** तथा अन्य सम्बद्ध व्यक्ति, संस्था एवम् निकायका प्रतिनिधिले देहायका कार्य तथा व्यवहार गर्नुहुँदैन:

(क) बालबालिकालाई पिट्न वा शारीरिक रुपमा आक्रमण गर्न वा शारीरिक दूर्व्यवहार गर्न;
(ख) बालबालिकालाई लज्जित पार्न, निरूत्साहित गर्न, होच्याउन वा अन्य कुनै संवेगात्मक दूर्व्यवहार हुने खालका कुनै पनि व्यवहार वा क्रियाकलाप गर्न, गराउन;
(ग) कुनै पनि प्रकारले दूर्व्यवहार ठहरिन सक्ने खालको कुनै क्रियाकलाप गर्न वा बालबालिकालाई दूर्व्यवहारको जोखिममा पार्न सक्ने प्रकृतिका क्रियाकलाप गर्न, गराउन;
(घ) अनुपयुक्त, नसुहाउने, अश्लील वा दूर्व्यवहार हुने प्रकारको भाषा, लवज र शब्दको प्रयोग गर्न र अरू कसैलाई वा बालबालिकालाई त्यस्तो गर्न दूरुत्साहन गर्न वा सल्लाह दिन;
(ङ) अनुपयुक्त वा यौनजन्य उत्तेजना उत्पन्न गराउने प्रकारको व्यवहार वा हाउभाउ वा संकेत गर्न;
(च) बालबालिकाको कुनै पनि गैरकानूनी, असुरक्षित वा दूर्व्यवहारजन्य कामलाई बढावा दिन;
(छ) कुनै पनि बालबालिकालाई विभेद गर्न, अनुचित एवम् फरक व्यवहार गर्न वा कसैलाई छुट्याउने गरी कुनै खास बालक वा बालिका प्रति बढी सदाशयता देखाउन;
(ज) अरूभन्दा टाढा राखी बालबालिकासँग अनावश्यकरूपमा एकान्तमा धेरै समय बिताउन;
(झ) संरक्षित बालबालिका तथा कर्मचारीलाई आतंकित पार्ने, हुलहुज्जत हुने तथा डर, त्रास, द्वेष सिर्जना हुने, विभेद हुने खालका क्रियाकलाप गर्न, गराउन;
(ञ) बालबालिकालाई शारीरिक, मानसिक तथा भावनात्मकरूपमा आघात पुग्ने गरी कुनै व्यक्तिगत गोपनीयताको विषयमा सोधपुछ गर्न;
(ट) उद्धार वा अनुगमन स्थलमा आधिकारिक कार्य अभिलेखका लागि अतिरिक्त अनावश्यकरुपमा कुनै बालक वा बालिकाको फोटो वा भिडियो खिच्न र त्यसलाई व्यक्तिगत प्रयोजन वा बालबालिकाको हीत विपरित हुने गरी कुनै पनि माध्यमबाट प्रचारप्रसार गर्न, गराउन;

<u>**सडकबाट बालबालिकाको उद्धार कार्यमा खटिने टोलीका सहभागी**, सम्पर्क गृह, सामाजिकीकरण केन्द्र वा अनुगमनकर्ता तथा अन्य सम्बद्ध व्यक्ति, संस्था एवम् निकायहरूको कर्तव्य:</u>

सम्पर्क गृहको अनुगमन गर्ने क्रममा बालबालिकासँग सम्पर्कमा रहनुपर्दा अनुगमनकर्ता तथा अन्य सम्बद्ध व्यक्ति, संस्था एवम् निकायहरूद्धारा बालसंरक्षण सुनिश्चित गर्न देहायका कार्य एवम् व्यवहार गरिने छ :–
(अ) बालबालिकालाई जोखिम हुनसक्ने परिस्थितिको बारेमा सचेत हुने र त्यस्ता जोखिमलाई उच्च व्यावसायिक दक्षताका साथ व्यवस्थापन गर्ने;
(आ) आफ्नो काम गर्दा बालबालिकामाथि हुन सक्ने जोखिम न्यूनीकरण गर्ने गरी योजना बनाउने र त्यसको कार्यान्वयन गर्ने;
(इ) बालबालिकासँग कुराकानी गर्दा, छलफल गर्दा सकेसम्म अरूले देख्नसक्ने गरी खुल्ला ठाउँमा गर्ने र कुनै एक बालक वा बालिकासँग एक्लै कुराकानी गर्न अत्यन्त आवश्यक भएमा बाहेक बालबालिकासँग समूहमा नै कुराकानी वा छलफल गर्ने । त्यसरी बालक वा बालिकासँग एक्लै छलफल गर्नुपर्दा आवासीय सम्पर्क गृहको कर्मचारी, संरक्षक वा अन्य सम्बन्धित व्यक्तिलाई सूचित गरेरमात्र गर्ने । बालिकासँग यसरी कुराकानी सकेसम्म महिलाले गर्नुपर्दछ;
(ई) बालबालिकासँग बालअधिकारबारे छलफल गर्ने, उनीहरूलाई के स्वीकार्य हो र के अस्वीकार्य हो भनेर बताउने र कुनै समस्या भएमा उनीहरूले के गर्न सक्छन् भन्ने कुरा बताएर उनीहरूको सशक्तिकरण गर्न सघाउने;

(उ) बालबालिकाका अधिकारको सम्मान गर्ने र उनीहरूसँग जहिले पनि इमान्दारीतापूर्वक तथा सम्मानका साथ व्यवहार गर्ने । बालबालिकालाई सहभागितामूलक अभ्यासका लागि प्रोत्साहित गर्ने जसले उनीहरूको आफूलाई संरक्षित गर्न सक्ने क्षमतालाई बढाउँदछ;

(उ) धुम्रपान, मद्यपान पूर्णतः निषेध

(१) अनुगमनको क्रममा अनुगमनकर्ताले धुम्रपान, मद्यपान वा अन्य कुनै लागूऔषधको प्रयोग गर्न पाउने छैनन् वा नशामा रहेको बखत सम्पर्क गृहको अनुगमनमा जान पाइने छैन;

(२) अनुगमन टोलीका अन्य सदस्यले बुँदा (१) मा निषेध गरिएको कामकुरा गरी अनुगमनमा गएमा वा अनुगमन कार्यमा बाधा पुर्‍याएमा अनुगमनमा खटाउने निकायलाई तुरुन्त खबर गर्नुपर्नेछ;

प्रतिबद्धता

मैले प्रस्तुत आचारसंहितालाई पढी बुझी यसको मर्मलाई मनन गरेको छु । यो आचारसंहिता पालना गर्न म मञ्जुर छु र यसको उल्लंघन गरेको ठहरिएमा कानुन बमोजिम सहुँला बुझाउँला ।

हस्ताक्षरः

नामथरः

मितिः